# गाउँ सभाको बैठकमा अध्यक्ष श्री सन्त बहादुर घले (तामाङ)ज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०७४।७५ को

# नीति, बजेट तथा कार्यक्रम

सुर्यगढी गाउँपालिका

नुवाकोट जिल्ला

प्रदेश नं. ३

३१ असार २०७४

सुर्यगढी गाउँपालिकाको पहिलो गाउँसभाको सभाध्यक्ष,

गाउँसभाका सदस्यहरु, सभाका सचिव लगायत कर्मचारी मित्रहरु,

उपस्थित सम्पूर्ण महानुभावहरु ।

नेपालको संविधान, २०७२ ले सुनिश्चित गरेका प्रावधानहरुलाई व्यवहारत: रुपान्तरण गर्ने क्रममा स्थानीय तहको निर्वाचन, २०७४ सम्पन्न भएको छ । सघींय शासन व्यवस्थाको मर्म अनुरुपको राजनीतिक, आर्थिक, सामाजिक तथा वित्तिय स्वायत्तता सहितको स्थानीय तहको शासन सञ्चालन गर्न यस सुर्यगढी गाउँपालिकामा गाउँ कार्यपालिका तथा गाउँ सभाको गठन भएको छ । सार्वभौमसत्ता सम्पन्न यस गाउँपालिकाका जनताहरुबाट राज्य शक्तिको प्रयोग गर्ने वैधानिकता प्राप्त भएको यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म निकै हर्षीत भएको छु ।
संघीयता र स्थानीय सरकार मार्फत घरघरमा अधिकार गाउँगाउँमा सिंहदरबार, हाम्रो गाउँ हामी आफैं बनाऔं जस्ता सिद्धान्तहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकारसम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ । हामिलाई यो अवस्था सम्म ल्याउने प्रमुख वैधानिक आधार नेपालको संविधान २०७२, निर्माण तथा कार्यान्वयनमा प्रत्यक्ष एवं परोक्ष ढंगले भूमिका खेल्नुहुने सबैलाई धन्यबाद दिन चाहन्छु ।

उपस्थित सम्पुर्ण महानुभावहरु,
अव म यस सुर्यगढी गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. विगत १९ वर्षदेखि रिक्त स्थानीय निकायको निर्वाचन भई जनप्रतिनिधि विहीन अवस्थाको अन्त्य भएको छ । अवका दिनमा सुर्यगढी गाउँपालिकाको स्थानीय सरकारले यस गाउँपालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने, पिछडीएको वर्ग, समुदाय तथा क्षेत्रको उत्थान तथा मूल प्रवाहिकरण हुने खालका योजना तर्जुमा गर्ने, सहभागितामूलक योजना तर्जुमाका साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारित र यस क्षेत्रको माटो तथा हावापानी सुहाउँदो कार्यक्रम एवं विकास गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको गरिवी न्युनीकरण गर्ने प्रमुख नीति लिइएको छ ।
समाजमा निहित विभेदपूर्ण व्यवहार तथा माथिल्लो वर्ग र तल्लो वर्ग विचको खाडल पुर्ने कार्य गर्नु गराउनु हाम्रो लागि चुनौतीपूर्ण छ । जुन कार्य हामिले जस्तोसुकै मूल्य चुकाएर पनि नगरी सुखै छैन । हामिले सदियौं देखि समाजमा निहित सबै खाले विभेदको अन्त्य गर्न सक्यौं भने मात्र वर्गिय दुरी घट्न गई न्यायपूर्ण समाज निर्माण हुनसक्छ ।

२. हाम्रो भूगोलमा पूर्वाधार विकासको पहिलो शर्त सडक भन्ने हामी सबैले महशुस गरेका छौं । भौगोलिक जटिलतामा सहजीकरण गर्न सक्ने प्राविधिक ज्ञान, सिपको उच्चतम सदुपयोग गर्दै यस क्षेत्रका सडक पूर्वाधारलाई आधारभूत मापदण्ड अनुकुल व्यवस्थित एव विकास गरिनेछ । यस गाउँपालिकाका ५ वटै वडा क्षेत्रहरुबाट गाउँपालिकाको केन्द्र रहने चोकदे बजारसम्म विस्तार भएका तथा हुने सडक सञ्जाललाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।

३. प्रमुख बालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नेपाल सरकारको नीतिलाई आत्मसात गर्दै थोपा तथा कुलो सिँचाई, मलखाद, बीउ विजनको उपलब्धतामा सुधार गरिनेछ । पशुजन्य उत्पादन प्रोत्साहनका कार्यक्रमलाई प्राथमिकता साथ कार्यान्वयन गर्दै आर्थिक तथा सामाजिक रुपले पछि परेका कृषक केन्द्रित कार्यक्रमहरुलाई अझ प्रभावकारी रुपले सञ्चालन गरिनेछ ।

४. स्वच्छ खानेपानीमा नागरिकको पहुँच अभिबृद्धि गरिनेछ । क्षेत्रीय महत्वको ड्वाँचे खानेपानी आयोजना तथा अन्य खानेपानी आयोजनाहरुलाई समुदायमै हस्तान्तरण गरि व्यक्तिगत उत्तरदायित्व समेत बहन हुने गरी कार्यान्वयनमा ल्याईनेछ । शहरीकरण सँगै विस्तार हुने फोहरमैलाको व्यवस्थापन गर्न ल्याण्डफिल्ड साईडको पहिचान लगायत अन्य व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५.उद्यमशीलता, स्वरोजगार र आय आर्जनमा केन्द्रित गर्न युवालाई छोटो र लामो अवधिको तालिम दिइनेछ । स्वस्थ, अनुशासित तथा सिर्जनशिल युवा शक्ति उत्पादन गर्न खेलकुद क्षेत्रको विकासको लागि खेलकुद पूर्वाधारको विकास गरिनेछ ।

६. शिक्षा क्षेत्रमा भएको लगानीको प्रतिफलमा प्रभावकारिता अभिबृद्धि गर्न सेवाको गुणस्तरमा थप सुधारको व्यवस्था मिलाईनेछ । सीपयुक्त शिक्षाका लागि प्राविधिक तथा व्यवसायिक शिक्षालाई क्रमशः विस्तार गरिनेछ ।

७. नेपाल सरकारले हरेक गाउँपालिकामा १५ शैयाको अस्पताल बनाउने कार्यक्रम लिए अनुरुप यस गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माण गर्न पहल गरिनेछ । गाउँपालिकालाई पुर्ण खोपयुक्त, पुर्ण सरसफाईयुक्त बनाउनाका साथै वाल मृत्युदर तथा मातृमृत्युदर घटाउन महिला स्वयंसेविकाहरु तथा ग्रामिण स्वाथ्य कार्यकर्ताहरुको परिचालनमा प्रभावकारिता अभिवृद्धि गरिने छ । युवा युवतीहरुको लागि यौन तथा एच.आइ.भि. एड्स शिक्षा, सरुवा रोगहरुको नियन्त्रणका लागि प्रचारप्रसार लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ । भौगोलिक विकटता तथा अन्य कारणले आधारभूत स्वास्थ्य सेवाबाट बञ्चित हुन पुगेका नागरिकहरुको अवस्थालाई मध्यनजर गर्दै सेवा प्राप्त हुन नसकेको क्षेत्रमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराईनेछ ।

८. लैगिंक समानता, महिला सशक्तिकरण, लैंगिक मुलप्रवाहीकरण र महिला सहभागिता बृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ । संघीय सरकार मार्फत सञ्चालन हुने सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता प्राप्त गर्ने व्यक्तिहरुको विवरण अनलाइन प्रणालीमा अद्यावधिक गरिनेछ । लाभग्राहीहरुको विवरण अनलाइन अद्यावधिक गर्नुका साथै सामाजिक सुरक्षा रकम बैकिंग प्रणालीमार्फत वितरण गर्नुका साथै समयमा नै उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।

९. आर्थिक विकासको महत्वपूर्ण आधार आर्थिक क्रियाकलाप हो । नयाँ संरचना निर्माण सँगै यस क्षेत्रको आर्थिक क्रियाकलापहरुमा उल्लेख्य बृद्धि हुने निश्चित छ । कृषि तथा अन्य गैर कृषि जन्य उत्पादन बृद्धि गर्न विषादि मुक्त प्राङ्गारिक खेतीलाई प्रोत्साहन गरी आर्थिक तथा वित्तिय कारोबारहरुलाई व्यबस्थित एवं अनुशासित बनाउँदै यस क्षेत्रको उच्च आर्थिक बृद्धि हासिल गर्ने नीति लिईनेछ । यस गाउँपालिका क्षेत्रमा वैंक तथा वित्तिय संस्थाहरु सञ्चालनमा छैनन् । आगामी वर्षमा देशका सम्पुर्ण स्थानीय तहमा वित्तिय संस्था खोल्ने सरकारको घोषणालाई कार्यान्वयनमा ल्याउन सहजीकरण गरिनेछ साथै गाउँस्तरमा विभिन्न समुहमार्फत वचत गर्ने वानी बसाल्ने, ऋण लिएर लगानी गर्ने लगायतका कार्यमा सहजता ल्याउन स्थानीय स्तरमा सहकारी समुहहरु गठन गर्ने नीति लिइनेछ । वचत वृद्धि, पुँजी निर्माण, ऋण परिचालन मार्फत आम जनताको जीवनस्तरमा सुधार गर्ने तर्फ पहल गरिनेछ । बैकिगं तथा वित्तिय क्षेत्रको विकास गरिनेछ ।

१०. सामाजिक तथा सांस्कृतिक विविधता युक्त यस क्षेत्रमा सह अस्तित्वको आधारमा स्वस्थ सामाजिक सम्बन्ध विकास गर्न सबै प्रकारका भेदभावको अन्त्य गरी समावेशीकरणको माध्यमबाट समानता र सामाजिक न्याय कायम गरिने छ ।

११. यस क्षेत्रका प्राकृतिक सम्पदाहरुको जगेर्ना गर्दै सिगों राष्ट्रकै ऐतिहासिक पहिचान बोकेको सुर्यगढी क्षेत्रलाई पर्यटकिय स्थलको रुपमा विकास गरिने छ । पर्यटकिय सम्भावना बोकेका अन्य क्षेत्रहरुको पहिचान, विकास तथा सम्बर्द्धन गरिने छ । धार्मिक, ऐतिहासिक, सामाजिक-सांस्कृतिक तथा पर्यावरणीय महत्वका मन्दिर, गुम्बा, चर्च, नदि नाला, बनजगंल आदिको संरक्षण एवं सम्बर्द्धन गर्ने कार्यक्रमहरु ल्याईनेछ ।

१२. भूकम्प पश्चातको पुननिर्माण र नवनिर्माण प्रक्रियामा प्रभावकारी सहभागिता एवं सहकार्य गरी पुन निर्माण प्रक्रियालाई तिब्रता दिईनेछ ।

१३. आजको युग सूचना र सञ्चारको युग हो । सूचना प्रविधिको विकास विना समृद्धिको परिकल्पना गर्न सकिँदैन । सञ्चार क्षेत्रको विकासका लागि प्रत्येक वडामा ईन्टरनेट सेवा विस्तार गर्नुका साथै नेपाल टेलिकम तथा अन्य सञ्चार सम्बद्ध संस्थाहरुसँग आवश्यक सहकार्य गरी यस क्षेत्रको सञ्चार सेवाको गुणस्तरमा सुधार गरिने छ ।

१४. यस क्षेत्रमा रहेका दलित, अल्पसंख्यक, अपांग, महिला लगायत लक्षित वर्गका लागि सशक्तिकरण गर्ने खालका कार्यक्रमहरु ल्याइनेछ । लैगिक विभेदमार्फत महिलाको स्थान समाजमा पुरुषभन्दा न्युन छ, उनीहरुलाई समाजको मुल धारमा ल्याउने, घरको निर्णय प्रक्रियामा महत्वपुर्ण भुमिका खेल्ने, आफुले संविधान तथा कानुनबमोजिम पाउने हक अधिकारबारे जानकारी गराउने लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ । अवको विकास अपांगमैत्री, वालमैत्री, महिलामैत्री वनाउनेतर्फ नीति अङ्गिकार गरिनेछ । अपांगता भएका बालवालिकाको लागि विद्यालयमा छात्रवृत्ति दिने, अपांगहरुलाई सरकारले दिने गरेको सामाजिक सुरक्षावापतको रकम पाएनपाएको सम्बन्धमा खोजी गरी नपाएको खण्डमा पाउने व्यवस्था गरिनेछ । दलित समुदायलाई गरिँदै आएको सामाजिक विभेदको अन्त्य गर्ने खालका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ साथै आदिवासी जनजाति, लोपोन्मुख समुदाय तथा अल्पसंख्यकहरुलाई समेत विकासको मुलधारमा ल्याउन पहल गरिनेछ ।

उपस्थित सम्पूर्ण माहानुभावहरु,

१५. गाउँ कार्यपालिकाको कार्यालयले आफु र आफ्नो मातहतका कार्यालयहरु मार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरिक वडापत्र, सुचनाको हकको प्रत्याभूति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरुमार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ ।

१६. यस गाउँपालिका तथा अन्तर्गत काम गर्ने कर्मचारीहरुको मनोबल उच्च राख्न कार्य जिवनको गुण अभिबृद्धि गर्ने वातावरण सिर्जना गरिनेछ । कर्मचारीहरुलाई कार्यस्थलमा बसी सेवा प्रवाह गर्ने तथा गाउँपालिकाको निर्णयहरुलाई अक्षरसः कार्यान्वयनमा ल्याउनका लागि तत्पर हुने अवस्थाको सिर्जना हुने वातावरण मिलाइनेछ । राम्रो काम गर्ने कर्मचारीहरुलाई प्रोत्साहन गरिने तथा नराम्रो काम गर्ने कर्मचारीहरुलाई निरुत्साहन गर्ने व्यवस्था मिलाईनेछ ।

१७. जलवायु परिवर्तनले विश्वलाई नै चुनौति दिइरहेको वर्तमान परिप्रेक्ष्यमा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधीहरुलाई प्रोत्साहन गरिनेछ । जलवायु अनुकुलित विकास कार्यक्रमहरु सञ्चालन गरी हरित अर्थतन्त्रको प्रवर्द्धन गर्न पहल गरिनेछ । यसकालागि जलवायु परिवर्तनसँग सम्बन्धित क्षेत्रमा कार्य गर्ने विभिन्न निकायसँग सहकार्य गरि अगाडि बढ्ने नीति अख्तियार गरिनेछ । विपद व्यवस्थापनमा क्षमता अभिबृद्धि गरिनेछ ।

१८. यस क्षेत्रको आन्तिरिक साधन स्रोतको पहिचान गरिनेछ । वातावरणिय प्रभाव मूल्याङ्कन गरी क्रसर खोल्ने, बालुवा, गिटी, ढुङ्गा, चुन ढुङ्गा लगायत उद्योग सञ्चालनलाई प्रोत्साहन गरी गाउँपालिकाको आय स्रोतको क्षेत्र विस्तार गरिनेछ । राजस्वको दर भन्दा दायरामा जोड दिई आन्तरिक आय अभिबृद्धि गर्ने नीति लिईनेछ । राजस्व परिचालन तथा राजस्व चुहावट नियन्त्रणम जोड दिइनेछ ।

१९. आर्थिक वर्षको अन्त्यमा आएर असारे विकास गर्ने परिपाटीको अन्त्य गर्दै यस वर्षलाई सुर्यगढी गाउँपालिकाको बजेट कार्यान्वयन वर्षको रुपमा मनाइनेछ । यसको लागि आर्थिक वर्षको शुरुमा नै योजना बनाएर काम गर्न शुरु गर्ने र समयमा नै गाउँपालिकाका कार्यक्रमहरु सम्पन्न गरिनेछ ।

२०. आगामि दिनहरुमा सञ्चालन गरिने विकास कार्यक्रम तथा योजनाहरु दिगो एवं प्रभावकारी बनाउन वस्तुनिष्ठ योजनाको छनोट गरी कार्यविधिले निर्दिष्ट गरेको समय सिमा अनुसार सम्पन्न हुने व्यवस्था मिलाईनेछ । प्राविधिकको लागत अनुमान तथा मूल्याङ्कन, अनुगमन समितिको प्रतिवेदन लगायत कार्यविधिले निर्दिष्ट गरेको प्रक्रिया पुरा गरी मात्र भुक्तानी दिने व्यवस्था मिलाईनेछ ।

२१. व्यक्ति विशेष भन्दा लक्षित वर्ग तथा सामुदाय लाभान्वित हुने योजनालाई प्राथमिकता दिई वस्ती स्तरबाट छनौट भई आएका सहभागितामूलक योजना सञ्चालन गरीनेछ ।

२२. अन्त्यमा सबै नागरिकको जिउधनको सुरक्षा, आत्मसम्मान, मौलिक हक एवं आधारभूत मानव अधिकारको संरक्षण एवं सम्बर्द्धन गर्दै स्वच्छ, शान्त र समृद्ध सुर्यगढी गाउँपालिकाको निर्माण गरिनेछ ।

**उपस्थित सम्पुर्ण महानुभावहरु,**
**अव म यस सुर्यगढी गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

आ.व.२०७२/२०७३ मा यस गाउँपालिकाका साविकका ४ गाउँ विकास समितिहरुको चालुतर्फ कुल रकम रु. १६,९८,०००।- (सोह्र लाख अन्ठान्नब्बे हजार) तथा पुँजिगत तर्फ रकम रु. ६२,४९,०००।- (बैसठ्ठी लाख उनानपचास हजार) गरी कुल बजेट जम्मा रकम रु. ७९,४७,०००।- (उनासी लाख सतचालीस हजार) थियो ।

आ.व. २०७३/७४ मा यस गाउँपालिकाका साविकका ४ वटै गाउँ विकास समितिहरुको चालुतर्फ कुल रकम रु.२१,७८,०००।- (एक्काईस लाख अठहत्तर हजार) र पुँजिगत तर्फ १,४०,५७,०००।- (एक करोड चालीस लाख सन्ताउन्न हजार) गरी कुल बजेट जम्मा रकम रु.१,६२,३५,०००।- (एक करोड बैसठ्ठी लाख पैंतीस हजार) थियो ।

**उपस्थित सम्पूर्ण महानुभावहरु**

अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को आय व्ययको विवरण प्रस्तुत गर्न गईरहेको छु ।

सुर्यगढी गाँउपालिकाले प्रस्तावित वजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलत: नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकार सुची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक सामाजिक विकास, साधन श्रोतको उपयोग नीति, अर्थ मन्त्रालयल र संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयबाट प्राप्त मार्गदर्शन, सहभागितामूलक योजना छनौट पद्धति, विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजकि संरक्षण, दीगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन, लैगिंक सशक्तिकरण तथा समावेशी विकास समेतलाई आधार मानी गाउँकार्यपालिकाबाट स्वीकृत गरी यो गरिमामय गाउँसभामा आगामी आ.व. ०७४।७५ को बजेट प्रस्तुत गरेको छु ।

आ.व.२०७४।७५ मा यस गाउँपालिकामा वित्तीय समानीकरण तर्फ रकम रु. ११,७६,९६,०००।- (एघार करोड छैहत्तर लाख छयाननब्बे हजार) र शसर्त अनुदान तर्फ रकम रु.६,६९,११,०००।- (छ करोड उनान सत्तरी लाख एघार हजार) गरी नेपाल सरकारबाट जम्मा रकम रु.१८,४६,०७,०००।- (अठार करोड छयालीस विनियोजित भएको छ ।

आगामि आर्थिक वर्षमा आन्तरिक राजस्व रकम रु. १५,००,०००।- (पन्ध्र लाख) संकलन गर्ने लक्ष्य लिईएको छ भने अन्य आयको रुपमा रकम रु. १०,००,०००।- (दश लाख) प्राप्त हुने अनुमान गरिएको छ । गाउँपालिकाको सञ्चित कोषमा रहेको गतवर्षको मौज्दात रकम रु. ६२,००,०००।- (बैसठ्ठी लाख) समेत गरी यस आ.व.को कुल बजेट रकम **रु.१९,३३,०७,०००। (उन्नाईस करोड तेत्तीस लाख सात हजार)** प्रस्ताव गरेको छु ।

कुल बजेट मध्ये गाउँ कार्यपालिकाको चालु खर्च रु. १,६२,३०,०००।- (एक करोड बैसठ्ठी लाख तीस हजार) तथा पुँजिगत खर्च ३,५८,२६,०००।- (तीन करोड अन्ठाउन्न लाख छब्बीस हजार) गरी जम्मा रकम रु.५,२०,५६,०००।- (पाँच करोड चालीस लाख छपन्न हजार) विनियोजन गरिएको छ । वडा समितिहरुको प्रशासनिक तथा साधारण खर्च रकम रु. १,२३,४०,०००।- (एक करोड तेईस लाख चालीस हजार) विनियोजन गरिएको छ भने बस्ती तथा वडा स्तरबाट छनौट भई आउने योजना सञ्चालन समेत गरी वडा समितिको पुँजिगत खर्च तर्फ रकम रु.६,२०,००,०००।- (छ करोड बीस लाख विनियोजन गरिएको छ ।

शशर्त अनुदान तर्फको रकम रु.६,६९,११,०००।- (छ करोड उनान्सत्तरी लाख एघार हजार) विषयगत निकायबाट प्राप्त कार्यक्रमको आधारमा विनियोजन गरिएको छ भने गाउँपालिकामा प्राप्त हुन सक्ने अन्य विभिन्न विषयगत निकाय तथा साझेदारहरुबाट प्राप्त बजेट पनि प्राप्त कार्यक्रमकै आधारमा खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

कुल पुँजिगत रकम रु. ९,७८,२६,०००।- (नौ करोड अठहत्तर लाख छब्बीस हजार) मध्ये विषयगत क्षेत्रहरुमा निम्नानुसार विनियोजन गरिएको छ ।

आर्थिक विकास (कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र आदि) तर्फ रकम रु. ७०,००,०००।- (सत्तरी लाख) विनियोजन गरिएको छ ।

सामाजिक विकास (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रबर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, खेलकुद तथा मनोरञ्जन आदि) तर्फ रकम रु. २,०४,६५,०००।- (दुई करोड चार लाख पैंसठ्ठी हजार) विनियोजन गरिएको छ ।

पूर्वाधार विकास (सडक तथा पुल, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक उर्जा, संचार आदि) तर्फ रकम रु. ४,७४,२६,०००।- (चार करोड चौहत्तर लाख छब्बीस हजार) विनियोजन गरिएको छ ।

वातावरण तथा विपद व्यवस्थापन (बन तथा भु-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, ल्यान्डफिल साइड, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन) तर्फ रकम रु. ४१,७५,०००।- (एक चालीस लाख पचहत्तर हजार) विनियोजन गरिएको छ ।

संस्थागत विकास तथा सेवा प्रवाह (सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सूचना प्रविधि, पञ्जिकरण व्यवस्थापन, स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन, सुशासन प्रबर्द्धन, अनुसन्धान तथा विकास, अन्यत्र वर्गिकरण नभएका) तर्फ रकम रु. १,८७,६०,०००।- (एक करोड सतासी लाख साठ्ठी हजार) विनियोजन गरिएको छ ।

अन्त्यमा यस बजेट तर्जुमामा सहयोग गर्नुहुने सम्पुर्ण पदाधिकारीहरु, वडा समितिहरु, राजस्व र बजेट सम्बन्धी कानून बमोजिम गठित विभिन्न समितिहरु, कार्यकारी अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कमचारी मित्रहरु, यस क्षेत्रकाका बुद्धिजिबी तथा राजनैतिक दलका मित्रहरु एव  प्रत्यक्ष अप्रत्यक्ष रुपमा भूमिका खेल्नुभएका सुर्यगढी गाउँपालिकाका सम्पूर्ण जनसमुदायलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

यस सुर्यगढी गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भभाव र सहयोग पुर्‍याउनुहुने सुर्यगढी गाउँपालिकाको जनसमुदाय कर प्रदायकहरु, विकासका साझेदार सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरु र संचारमाध्यमहरु प्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोग अपेक्षा गरेको छु ।

धन्यबाद ।